## बैठक नं.९

आज मिति २०८१ पुस २५ गते बिहिबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा खड्का | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| | सदस्य — श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

<u>एजेण्डा</u> :

१. गोदावरी नगरपालिका, नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ संशोधन सम्बन्धमा ।

२. नगर प्रहरीको परीक्षा सञ्चालन तथा तालिम व्यवस्थापन सम्बन्धमा ।

३. नगरपालिकामा कार्यरत कर्मचारीको स्तर वृद्धि सम्बन्धमा ।

४. HICDPs कार्यक्रम अन्तर्गत आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।

५. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी गर्ने सम्बन्धमा।

६. विविध ।

**निर्णय नं.१ गोदावरी नगरपालिका, नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ संशोधन सम्बन्धमा :** छलफल गर्दा यस गोदावरी नगरपालिकाको नगर प्रहरी सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ संशोधन गर्ने साथै गोदावरी नगरपालिकाको **"नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६"** संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ नगर प्रहरीको परीक्षा सञ्चालन तथा तालिम व्यवस्थापन सम्बन्धमा ।**

(क) यस नगरपालिकामा करार सेवा मार्फत नगर प्रहरी निरीक्षक १ जना, नगर प्रहरी सहायक निरीक्षक ३ जना, नगर प्रहरी जवान (राजश्व) ६ जना, नगर प्रहरी जवान (विपद् व्यवस्थापन) ६ जना र नगर प्रहरी जवान हे.स.चा २ जना गरी जम्मा १८ जना नगर प्रहरीको विज्ञापन भएकोमा दरखास्त पेश गर्ने अन्तिम मितिसम्म देहाय बमोजिम दरखास्त परेको

| क्र.सं. | पद | दरखास्त संख्या |
|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | १ जना |
| २ | नगर प्रहरी सहायक निरीक्षक | ० जना |
| ३ | नगर प्रहरी जवान राजश्व समुह) | २३ जना |
| ४ | नगर प्रहरी जवान (विपद् व्यवस्थापन) | १४ जना |
| ५ | नगर प्रहरी जवान हे.स.चा. | १० जना |

दरखास्त उपर छानविन गर्दा विपद् तर्फ एकजनाको फाराम अस्वीकृत भएको र नगर प्रहरी सहायक निरीक्षक तर्फ कुनै आवेदन नपरेको हुँदा उक्त पदमा माग गरिएको संख्या र नगर प्रहरी जवान राजश्व एवम् विपद् व्यवस्थापन समूह तर्फ माग गरिएको संख्यालाई एकमुष्ट संख्या मानी १५ जना (३ जना महिला सहित) नगर प्रहरी जवान एकमुष्ट योग्यताक्रमका आधारमा छनौट गरी पदपूर्ती गर्ने तथा तालिम सञ्चालन गरी तालिममा नगर प्रहरी जवानको विज्ञता अनुसार समूह छुट्याइ तालिम प्रदान गर्ने निर्णय गरियो ।

(ख) नगर प्रहरी जवान हेभी सवारी चालक तर्फ १० जना दरखास्तदाताहरुमध्ये परीक्षा सञ्चालन गरी दमकल चालकलाई प्राथमिकता दिई २ जना छनौट गर्ने निर्णय गरियो ।

(ग) **नगर प्रहरी निरीक्षकतर्फ** : २१ वर्ष पुरा भई ५० वर्ष उमेर ननाघेको र १० वर्षको कार्य अनुभवन प्राप्त भएको भनी विज्ञापन गरेकोमा १० वर्षको कार्य अनुभवन प्राप्त कुनै पनि दरखास्त पेश हुन नआएकोले कार्य अनुभवनलाई ५ वर्ष कायम गरी पुन ७ दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्ने र अन्तर्वार्ता मार्फत उम्मेदवार छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ नगरपालिकामा कार्यरत कर्मचारीको स्तर वृद्धि सम्बन्धमा :** छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-११, दफा ८६ तथा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडाको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को परिच्छेद -५, दफा ९ (२) र ३० (१) को तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम तह वृद्धी हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९५% (पन्चानब्बे प्रतिशत) अङ्क प्राप्त

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गरेको र तोकिए बमोजिमका शैक्षिक योग्यता हासिल गरेको हकमा स्तर वृद्धि गर्ने व्यवस्था रहेको छ।

उल्लेखित कानूनी व्यवस्था अनुरुप योग्यता पुगेका तपसिल बमोजिमका कर्मचारीहरुले सम्पूर्ण नियम पूरा गरी तहवृद्धिको लागि निवेदन पेश गरेको हुँदा निजहरुको शुरु नियुक्ति मिति, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन, शैक्षिक योग्यता राखी रित पुगेका देहाय बमोजिम कर्मचारीहरुको २०८१ माघ १ देखि लागु हुने गरी स्तर वृद्धि गर्ने निर्णय गरियो ।

| क्र.सं. | क.सं.नं. | नामथर | हालको पद/तह | बढुवा हुने पद/तह | शुरु नियुक्ति | सेवा/समूह | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १८६२५१ | श्रवण कुमार श्रेष्ठ | वरिष्ठ कविराज निरीक्षक | आयुर्वेद चिकित्सक | २०५८/१०/०९ | स्थानीय स्वास्थ्य | स्नातकोत्तर |
| २ | २४२५६४ | मुकुन्द अगस्ती | इन्जिनियर | वरिष्ठ इन्जिनियर | २०७६/०९/२३ | स्थानीय इन्जिनियर | स्नातक |
| ३ | २३५४५७ | सविता अर्याल | वरिष्ठ सहायक | अधिकृत | २०७६/०९/०२ | स्थानीय प्रशासन | स्नातकोत्तर |
| ४ | २३६२७९ | शम्भु वस्याल | वरिष्ठ सहायक | अधिकृत | २०७६/०९/०३ | स्थानीय प्रशासन | प्रविणता |
| ५ | २३५२५६ | शारदा लामिछाने | वरिष्ठ सहायक | अधिकृत | २०७६/०९/०४ | स्थानीय प्रशासन | प्रविणता |
| ६ | २३६३१७ | राकेश रायमाझी | वरिष्ठ सहायक | अधिकृत | २०७६/०९/०४ | स्थानीय प्रशासन | स्नातक |
| ७ | २३६२४० | कोपिला अम्गाई | वरिष्ठ सहायक | अधिकृत | २०७६/०९/०७ | स्थानीय प्रशासन | स्नातकोत्तर |
| ८ | २३५३२४ | शिव खत्री | आ.ले.प पाचौं | सहायक लेखा अधिकृत | २०७६/०९/०८ | स्थानीय प्रशासन प्रशासन | स्नातक |
| ९ | २०६२८३ | ज्योती देशार | सि.अ.हे.व | सि.अ.हे.व निरीक्षक | २०७१/०१/०९ | स्थानीय स्वास्थ्य | स्नातक |
| १० | २०८४०२ | सानुमैया पहरी | सि.अ.न.मी | सिअ.न.मी निरीक्षक | २०७०/१२/३० | स्थानीय स्वास्थ्य | प्रविणता |
| ११ | २०८४३५ | लक्ष्मी थापा | सि.अ.न.मी पाँचौं | सिअ.न.मी निरीक्षक | २०७१/०८/०७ | स्थानीय स्वास्थ्य | प्रविणता |
| १२ | २३७४४३ | विष्णु प्रसाद भण्डारी | सहायक चौथो | वरिष्ठ सहायक | २०७६/०९/२४ | स्थानीय प्रशासन | |
| १३ | २३६७७६ | प्रविन सुवेदी | सहायक चौथो | वरिष्ठ सहायक | २०७६/०९/२५ | स्थानीय प्रशासन | |
| १४ | २३७४४१ | पासाङ तामाङ | सहायक चौथो | वरिष्ठ सहायक | २०७६/०९/२५ | स्थानीय प्रशासन | प्रविणता |

**निर्णय नं.४ HICDPs कार्यक्रम अन्तर्गत आयोजना छनौट गरी पठाउने सम्बन्धमा :** छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनका लागि आयोजना प्रस्ताव पेश गर्न चाहने स्थानीय तहहरुले संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकार क्षेत्र एवं आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को अधिनमा रही आयोजना प्रस्ताव पेश गर्ने भनी लेखी आएकोमा यस नगरपालिकाको वडा नं.३ मा रहेको श्री सेन्ट जेभियर्स स्कूलको २३ कोठे विद्यालय भवन निर्माणका लागि योजना माग गरि पठाउने निर्णय गरियो।

(क) HICDPs कार्यक्रम अन्तर्गत पेश गर्न सकिने आयोजनाको क्षेत्र/विषय : सेन्ट जेभियर्स स्कूलको २३ कोठे विद्यालय भवन निर्माण

(ख) आयोजनाको लागत : १९,६८,८२,९२१।१८

(ग) लागत सहभागिता (१०%) : १,९६,८८,२९२।११

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

**निर्णय नं.५ "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्ने सम्बन्धमा** : प्राविधिक राय सिफारीसका आधारमा पेश हुन आएका देहाय बमोजिमका निर्माण व्यवसायीको इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

(क) श्री रायम्दअर्थ सोलुसन प्रा.लि., गोदावरी नगरपालिका-३ ललितपुर, सञ्चालकः नारायण प्रसाद आचार्य

**निर्णय नं.६ विविध ।**

६.१ **गोदावरी बहुउद्देश्यीय रङ्गशाला निर्माण सम्बन्धमा** : राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा गोदावरी नगरपालिकाको गौरवको आयोजना गोदावरी बहुउद्देश्यिय रङ्गशाला निर्माणको लागि वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम ललितपुर जिल्लामा रहेको राष्ट्रिय वनको ३.४५ हेक्टर जग्गा प्रयोग गर्न तथा सो जग्गा प्रयोग गर्दा विभिन्न प्रजातिका कुल जम्मा ९०३ गोटा रुखबिरुवा हटाउन मिति २०८१/०९/०५ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई वन तथा भूसंरक्षण विभाग, बबरमहलबाट मन्त्रिपरिषद्को निर्णय अनुसार कार्य प्रक्रिया तथा शर्तहरु पुरा गरी नियमावलीको नियम ९४ अनुसार संझौताका लागि सम्पर्क गर्नुहुन भनी सझौताका शर्त सहितको पत्र प्राप्त भएको र सो उपर छलफल गर्दा आयोजनाको लागि चाहिने ३.४५ हेक्टर जग्गा शोधभर्ना गर्न नगरपालिकासँग सो क्षेत्रफल बराबरको वनसँग जोडिएको जग्गा नभएको हुँदा वन नियमावली, २०७९ को नियम ९१ को उपनियम (२) बमोजिमको विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेमा जग्गा उपलब्ध गराउने प्रयोजनका लागि नियम ९२ बमोजिमको जग्गा प्राप्ति सहजीकरण समितिमा लेखी पठाउने भनी उल्लेख भए अनुसार जिल्ला प्रशासन कार्यालय, ललितपुरको जग्गा प्राप्ति सहजीकरण समितिमा लेखी पठाउने निर्णय गरियो ।

६.२ **मोटरसाइकल खरिद सम्बन्धमा** : छलफल गर्दा नगरपालिकाको शान्ति सुरक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्नका लागि चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमको खर्च शिर्षक नं.३११२१ बाट व्ययभार हुने गरी न्यूनतम १५० सि.सि. सम्मको ३ थान मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

६.३ **भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी सूचनाको म्याद थप सम्बन्धमा** : यस नगरपालिकाको चालु आ.व.२०८१/८२ को नीति तथा कार्यक्रममा यस नगरपालिकामा निर्माण भएका तर तक्सा पास तथा निर्माण अनुमति नलिएका घर/भवनहरुको अभिलेखीकरण/नक्सापास गर्ने कार्यको म्याद थप गरी अभिलेखीकरण गरिनेछ भन्ने प्रावधान बमोजिम २०८१/०७/०२ गते ९० दिने सार्वजनिक सूचना प्रकाशन भएकोमा उक्त सूचनाको अवधि भित्र सबै घरधनीको घर अभिलेखीकरण गर्न नसकिएको एवम् म्याद थप गर्न भनी सेवाग्राहीबाट समेत निवेदन प्राप्त भएकोले उक्त सार्वजनिक सूचनाको म्याद २०८१ चैत्र मसान्तसम्म थप गरी भवन नियमित तथा अभिलेखीकरण गर्ने निर्णय गरियो ।

६.४ **उद्यमशिलता संभावनाको Profile तयार गर्ने सम्बन्धमा** : नगरपालिकाका सबै वडाहरुको उद्यमशिलता संभावनाको Profile तयार गर्नका लागि नेपाल प्राकृतिक तथा मानव श्रोत विकास संघले पेश गरेको प्रस्ताव स्वीकृत गरी सोझै खरीद अन्तर्गत रु.१ लाख भित्र कार्यसम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिन निर्णय गरियो ।

मान बहादुर खड्का

गजेन्द्र महर्जन

६.५ वडाव्यापी मेयरकप फुटबल २०८१ को खर्च स्वीकृत गर्ने सम्बन्धमा : यस नगरपालिकाको नगर खेलकुद विकास समितिको सिफारिस बमोजिम वडाव्यापी मेयरकप फुटबल २०८१ को खर्च स्वीकृत गर्ने निर्णय गरियो ।

| S.N | Particulars | Quantity | Rate(approx.) | total |
|---|---|---|---|---|
| 1. | Cash prize -Includes<br>• 1st<br>• 2nd<br>• Best 5<br>• Man of the match<br>• Emerging Player | (5000*5)<br>(2000*12)<br>10,000*1 | 1,00,000/-<br>5 0,000/-25,000/-<br>24,000/-<br>10,000 | 2,09,000/- |
| 2. | Sports materials<br>Game ball<br>Net<br>Corner flag<br>Substitute board<br>Flags<br>Others | different quantitiy | miscellaneous | 2,00,000/- |
| 4 | Shield (includes 1st&2nd) &other shields | 10 pcs | | 1,00,000/- |
| 5 | -LIVE_ | 5 days | 20000 | 1,00,000/- |
| 6 | certificate | 100 | 50 | 5,000/- |
| 7. | Certificate frame | 5 | 1000 | 5,000/- |
| 8. | Sound system | 7 days | 15000 | 1,05,000/- |
| 9 | Medal | 50pcs | 500 | 25,000/- |
| 13. | Referee charge (includes 4 referee)<br>• Referee<br>• Linesman<br>• Linesman<br>• 4th official | 12games | 15000 | 1,80,000/- |
| 14. | Flex (Includes all types of flex)<br>• Hoarding board<br>• Stickers etc. | | | 1,50,000/- |
| 16. | Promotion (Includes short reels, advertising agency) | | | 10,000/- |
| 18. | Stage/Gate/Tent | 7 Days | | 1,50,000/- |
| 19. | Miscellaneous: - | | | 2,00,000/- |
| 20. | Decoration (Inauguration & closing ceremony) | | | 25,000/- |
| 21. | Fooding during tournament | | | 2,50,000/- |
| 23. | Water For ground | | | 25,000/- |
| 28. | Ground maintenance | | | 20,000/- |
| | Total | | | 15,34,000 |

मान बहादुर खड्का
...ीय अधिकृत

गजेन्द्र महर्जन

६.६ यस नगरपालिकाको लेले प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वयंसेवक चिकित्सक रिक्त रहेकोले उक्त स्थानमा हप्ताको ३ दिन कार्य गर्नका लागि डा.रिमा महर्जनलाई नियुक्त गरी कामकाजमा लगाउने निर्णय गरियो ।

६.७ नगर अस्पताल निर्माण वडा नं.१२ ठेचोको डि.पि.आर को लागि चालु आ.व.२०८१/८२ को खर्च संकेत नं.४७७.२१.१.३३० नगर अस्पताल निर्माणबाट रु.१५,००,०००।- विनियोजन गरी डि.पि.आर तयार गर्ने निर्णय गरियो ।

६.८ गोदावरी नगरपालिका वडा नं.३ मा स्वास्थ्य चौकी स्तरवृद्धि गरी अस्पताल भवन निर्माण डि पि आर सहित भनी चालु आ.व.२०८१/०८२ को खर्च संकेत नं. ४७७.२१.१.१४०९ मा रु.२२ लाख विनियोजन भएकोमा उक्त रकमबाट ५ लाख डि पि आर गर्न विनियोजन गर्ने र बाँकी रकमबाट वडा नं.३ मा हालको मोठाचौर र साविक किटिनी गा.वि.स वडा नं.६ (२) कित्ता नं.२२७ मा उक्त स्वास्थ्य चौकीको भवन निर्माण गर्ने निर्णय गरियो ।

६.९ यस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रत्येक वर्षको असोज मसान्त्र भित्रमा नविकरण गर्नुपर्ने व्यवस्था रहेको छ भने चैत्र भित्र दोब्बर दस्तुर तिरेर नविकरण गर्न सकिने प्रावधान रहेको छ । चैत्र पछि नविकरण गर्ने व्यवस्था कार्यविधिमा नभएको र चैत्र पछि नविकरण गर्दा कति दस्तुर लिने भन्ने उल्लेख समेत आर्थिक ऐनमा नभएको सन्दर्भमा त्यसरी नविकरण फेल भएका एवम् चैत्र मसान्त पछि इजाजत पत्र नवीकरण गर्न आएमा प्रत्येक आर्थिक वर्षको लागि थप सत प्रतिशत अर्थात दश हजार रुपैयाँका दरले दस्तुर लिई नविकरण गर्ने निर्णय गरियो ।

६.१० गोदावरी नगरपालिका वडा नं.३ मा शिवजीको मूर्ति निर्माण कार्य गर्नको लागि शिवजीको मूर्ति खरिद गर्दा ३ वटा फर्मले पेश गरेको दररेटबाट पुर्णलामा स्टोन हेण्डीक्राफ्ट ललितपुर महानगरपालिका-७ को दररेट लिई रेट एनलाइसिस बनाउँदा आएको दर रु.२०,४४,५९५।- (मु.अ कर सहित) को दररेट र रेट एनलाइसिस उक्त मूर्ति खरीद गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

६.११ गोदावरी नगरपालिका बुद्धिचाल संघले विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि बजेट माग गरेकोमा चालु आर्थिक वर्षको खेलकुद शिर्षकबाट रु.१,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

६.१२ **करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरु २०८२ असार मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

६.१३ **लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धमा** : यस नगरपालिकामा बसोबास गर्ने र नगरपालिकामा सञ्चालनमा रहेका क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुलाई ना.सु.को पाठ्यक्रममा आधारित रही प्रशासन सेवा, सामान्य प्रशासन समुहको Online तयारी कक्षा परामर्श सेवा लिई विषयविज्ञ मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

६.१४ नगरपालिकाले प्रयोग गरिरहेको इन्टरनेट सेवा प्रदायकको करार संझौता २०८१ पुस मसान्तबाट सामाप्त भएको र नगरपालिकाका अधिकांश सेवा अनलाईनमा आधारित रहेकोले चालु आ.व.२०८१ माघ १ देखि २०८२ असार मसान्तसम्म इन्टरनेट सेवा प्रदायक भायनेट कम्युनिकेशन लिमिटेडसँग करार संझौता गरी इन्टरनेट सेवालाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख